# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूले वर्तमान सरकार गठन भएको एक वर्ष पूरा भएको अवसरमा सरकारले एक वर्षमा हासिल गरेका उपलब्धिहरु सार्वजनिक गर्दै राष्ट्रका नाममा सम्बोधन गर्नुभएको छ । मिति २०८० पौष १० गते प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबारमा आयोजित कार्यक्रममा सम्वोधन गर्नुहुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले वर्तमान सरकारले एक वर्षको अवधिमा महत्वपूर्ण उपलब्धिहरु हासिल गरेको र आगामी दिनमा जनताले प्रत्यक्ष अनुभूति गर्नेगरी सरकारको कार्यशैली बदलेर अघि बढ्ने बताउनुभयो।

सम्माननीय प्रधानमन्त्रीज्यूले देशमा समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक रहेका, विदेशी मुद्राको सञ्चिति इतिहासकै उच्च रहेको, सधैं घाटामा जाने सार्वजनिक संस्थानहरु नाफामा जान थालेका तथा अर्थतन्त्रका सबै क्षेत्रमा आशाजनक परिवर्तन भईरहेको उल्लेख गर्दै सबल अर्थतन्त्र निर्माणको खोजी गर्न सबै पक्षसँग खुल्ला छलफल सुरु गरिसकेको बताउनुभयो । विगत एक वर्षमा ७ सय मेगावाट विद्युत निर्यात गरी १५ अर्ब २७ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा आर्जन गरिएको र बिजुलीको उज्यालो देशकै उज्यालो बन्ने दिशामा अघि बढ्नु लोकतन्त्रको लागि महत्वपूर्ण उपलब्धि रहेको सम्माननीय प्रधानमन्त्रीज्यूले बताउनुभयो ।

सरकारको ध्यान अब गेमचेन्जर ठूला विद्युत आयोजनाहरुमा रहेको, एआईजडित ड्रोनबाट राष्ट्रिय गौरवका तथा रुपान्तरणकारी आयोजनाहरुको नियमित अनुगमन गर्ने प्रणाली जडान गर्न लागिएको भन्दै सम्माननीय प्रधानमन्त्रीज्यूले नीति तथा कार्यक्रम र बजेट निर्माणको परम्परागत तरिका परिवर्तन गरी सबैको अपनत्व र सहभागिता सुनिश्चित गरिने बताउनुभयो। अब ठूला पूर्वाधार निर्माणमा कम्तिमा दुई सिफ्ट तथा ब्यारेक मोडेलमा लैजानेगरी छलफल भईरहेको जानकारी दिनु हुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले आर्थिक तथा कूटनीतिक नियोगहरुलाई लगानी र पर्यटनमा परिणाममुखी ढंगले परिचालन गरिने, क्षेत्रगत तयारी र योजनाबाट आगामी वर्ष पर्यटकको संख्या दोब्बर पारिने, खेल पर्यटनको विकास तथा खेल पूर्वाधारमा ध्यान केन्द्रित गरिने, विश्वविद्यालयहरुमा राजनीतिक भागबण्डाको अन्त्य गरी प्रतिस्पर्धाको आधारमा उपकुलपति नियुक्त गरिने, स्वास्थ्य बिमाको दायरामा वृद्धि गरिने

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

तथा कृषि क्षेत्रका अनुदानलाई एकीकृत गरी सूचीकरणका आधारमा अनुदान र मल वितरण गरिने बताउनुभयो ।

उक्त कार्यक्रममा माननीय मन्त्रीज्यूहरु, माननीय राज्यमन्त्रीज्यूहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, माननीय महान्यायाधिवक्ताज्यू, माननीय सुरक्षा सल्लाहाकारज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहाकारज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, प्रधान सेनापतिज्यू, नेपाल राष्ट्रबैंकका गभर्नरज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूका प्रमुख स्वकीय सचिवज्यू, नेपाल सरकारका सचिवज्यूहरु तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका स्वकीय सचिवज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु तथा सञ्चारकर्मीहरु लगायतको उपस्थिति रहेको थियो ।

मिति : २०८० साल पौष १० गते मंगलबार

(नारायण प्रसाद भट्ट)
प्रवक्ता

टेलिफोनः ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
इ-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np